# संस्थागत सुत्केरी प्रोत्साहन कार्यकम

# कार्यबिधी २०७९

माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झडेवा,पाल्पा

# संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रम कार्यबिधी

**प्रस्तावना**

नेपालको संबिधान २०७२ ले आधारभुत स्वास्थ्य सेवा उपभोग गर्न पाउने जनताको अधिकारलाई प्रत्याभुत गरेको छ । "हाम्रो माथागढी हाम्रो शान, समृद्ध माथागढी हाम्रो पहिचान" भन्ने नारा सहित माथागढी गाउँपालिकाले माथागढीका जनताको स्वास्थ्यलाई ध्यानमा राखेर घरमा हुने सुत्केरीलाई निरुत्साहित गर्दै स्वास्थ्य संस्थामा सुत्केरीहुन प्रोत्साहन गर्न संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रम ल्याएको छ । सुरक्षित मातृत्व कार्यक्रम प्राथमिकता प्राप्त कार्यक्रम भएता पनि गर्भवती महिलाहरु समयमा गर्भ जचाउन आउने, नियमानुसार कम्तीमा ४ पटक (हाल संशोधित ८ पटक) गर्भ जांच गराउने, स्वास्थ्य संस्थामा सुत्केरी हुने, गर्भावस्था र सुत्केरी अवस्थामा सरसफाईमा ध्यान दिने, पोषणयूक्त खानेकुराहरु खाने र आराम गर्ने जस्ता आधारभुत व्यवहार अवलम्बन गर्ने परिपाटी कम रहेको र ति कार्य प्रति स्वयं, घरपरिवार र समुदायले पनि खासै ध्यान दिन नसकेकाले गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा आएर सुत्केरीहुन आकर्षित गर्नका लागि यो कार्यक्रम ल्याईएको छ ।

## परिच्छेद १

**प्रारम्भिक :**

**१,संक्षिप्त नाम** : यो निर्देशिकाको नाम "**संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रम कार्यबिधी २०७९**" रहने छ ।

**२, प्रारम्भ** : यो कार्यविधीगाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तत्काल प्रारम्भ हुनेछ ।

**३, परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क) "**संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रम कार्यबिधी २०७९**" भन्नाले माथागढी गाउँपालिका भित्रका गर्भवती महिलाहरुले स्वास्थ्य संस्थामा सुत्केरी भएवापत प्रदान गरिने प्रोत्साहन रकमलाई जनाउने छ ।

ख) "गाँउपालिका" भन्नाले माथागढी गाँउपालिकालाई जनाउने छ।

ग) "सुत्केरीजांच" भन्नाले सुत्केरी भएको २४ घण्टा, ३ दिन, ७ देखी १४ दिन र ४२ दिनको जांचलाई जनाउनेछ ।

घ) "स्वास्थ्य संस्था" भन्नाले माथागढी भित्रका सरकारी स्वास्थ्य संस्था अस्पताल, प्राथमिक स्वास्थ्य केन्द, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाई तथा सुत्केरी सेवा प्रदानका लागि नेपाल सरकारद्धारा अनुमति प्राप्त स्वास्थ्य संस्थालाई जनाउनेछ ।

ङ ) "स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य संस्थामा कार्यरत प्राविधिक स्वास्थ्यकर्मीलाई जनाउनेछ ।

च) "ईकाइ मूल्य" भन्नाले स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलालाई गाउँपालिकाबाट प्रदान गरिने रु. २५००। लाई सम्झनु पर्दछ र यो बेला बेलामा गाउँकार्यपालिकाको निर्णयानुसार पुनरावलोक हुन सक्नेछ ।

छ) "सुत्केरी सेवा" भन्नाले गर्भमा रहेको शिशुलाई बिभिन्न प्रकृया अपनाएर पाठेघरबाट सुरक्षित रुपमा बाहिर निकाल्ने प्रकृयालाई जनाउनेछ ।

ज) "सेवाग्राही" भन्नाले माथागढी भित्र स्थायी बसेवास गर्ने वा एक वर्ष भन्दा लामो अवधी देखि अस्थायी रुपमा बसोबास गरी गाउँपालिका भित्रका स्वास्थ्य संस्थाबाट सुरक्षित मातृत्व सम्बन्धी सेवा

लिएका सुत्केरी महिला जो माथागढी गाउँपालिका भित्रका बर्थिङ्ग सेन्टरमा वा नेपाल सरकारबाट सुत्केरी सेवा प्रदानको लागि स्वीकृत लिएका स्वास्थ्य संस्थामा सुत्केरी भएका महिलालाई जनाउने छ ।

## परिच्छेद २

**प्रोत्साहन रकम प्रदान गरिने प्रकृया :**

(४) सुत्केरी महिला यस माथागढी गाउँपालिकामा स्थायी बसोबास गरेको हुनु पर्ने छ ।

दफा ४ (क) मा जे भनिए पनि यस माथागढी गाउँपालिकामा एक बर्ष भन्दा लामो समय देखि अस्थायी बसोबास गरी नियमित गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा सुरक्षित मातृत्व सेवा लिएमा अस्थायी बसोवास गरेको बारे वडा कार्यालयको सिफारिसको आधारमा सेवा उपलब्ध गराउन सकिनेछ ।

- गर्भवती महिला गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा गर्भ जाँच गरि गाउँपालिकाको बर्थिङ सेन्टरमा सुत्केरी भएको वा उक्त बर्थिङ्ग सेण्टरबाट प्रेषण भई नेपाल सरकारबाट सुत्केरी सेवा प्रदान गर्नको लागि स्वीकृत प्राप्त स्वास्थ्य संस्थामा सुत्केरी भएको हुनु पर्नेछ ।
- (क) सुत्केरी महिलाले नेपाली नागरिकताको प्रतिलिपी, स्वास्थ्य संस्थामा सुत्केरी भएको जन्म प्रमाण पत्र, वडा कार्यालयमा जन्म दर्ता गराएको प्रमाण पत्र सहित सुत्केरी भएको ६० दिन भित्र सम्बन्धित वडाको स्वास्थ्य संस्थामा निबेदन पेश गर्नु पर्नेछ ।
- दफा ६ (क) मा जे भनिएता पनि सुत्केरी महिलाको नागरिकता नभएको अवस्थामा सम्बन्धित वडा कार्यालयबाट निज सुत्केरी महिला सम्बन्धित वडामा बसोबास गरेको प्रमाणित सिफारिस पेश गर्नु पर्नेछ ।

७) सम्बन्धित वडाको स्वास्थ्य संस्थाले सुत्केरीहरुको अनुमान गरि गाउँपालिकाबाट इकाई रकम पेश्की लिई सम्बन्धित सेवाग्राहीलाई भुक्तानी गर्नु पर्ने सकिनेछ ।

८) सम्बन्धित वडाको स्वास्थ्य संस्थाले रकम भुक्तानी पश्चात गाउँपालिकामा रकम भुक्तानीको फरफारक गर्नुपर्नेछ ।

९) सम्बन्धित वडाको स्वास्थ्य संस्थाले रकम भुत्तानी पश्चात स्वास्थ्य शाखामा एक प्रति प्रतिबेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद ३

## अनुगमन तथा सुपरिबेक्षण

१०) संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गाउँपालिकाद्वारा गरिने छ ।

## परिच्छेद ४

## अभिलेख तथा प्रतिबेदन

(क) रकम भुक्तानीको लागि अनुसुची १ बमोजिम निबेदन पेश गर्नुपर्ने छ ।

(ख) स्वास्थ्य संस्थामा अभिलेख अनुसुची २ बमोजिम गरिने छ ।

(ग) प्रतिबेदन अनुसुची ३ बमोजिम गरिने छ ।

(घ) अनुसुचि १ र २ दुई/दुई प्रति भरि १/१ प्रति सम्बन्धित कार्यालयमा राखि १/१ प्रति गाउँपालिका कार्यालयमा पेश गरिनेछ ।

## अनुसुचीहरु

अनुसुची १

निबेदनको ढाँचा :

मिति :

श्रीमान प्रमुख ज्यू
............स्वास्थ्य चौकी,
माथागढी ......, पाल्पा ।

विषय : संस्थागत सुत्केरी प्रोत्साहन रकम भुक्तानी गरिदिनु हुन ।

प्रस्तुत बिषयमा माथागढी गाउँपालिका वडा नं......, ......टोल निवासी .............को श्रीमती वर्ष ......म..................ले मिति २०.............मा....... स्वास्थ्य संस्थामा सुत्केरी भएकोले माथागढी गाउँपालिकाले उपलब्ध गराएको संस्थागत सुत्केरी प्रोत्साहन रकम उपलब्ध गराईदिनु हुन विनम्र अनुरोध गर्दछु ।

निबेदक :
दस्तखत :
नाम थर :
ठेगाना :
सम्पर्क नं.

अनुसुची २

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झडेवा पाल्पा

संस्थागत सुत्केरी प्रोत्साहन रकम भुक्तानीको स्वास्थ्य संस्थामा अभिलेख राख्ने रजिस्टर

स्वास्थ्य संस्थाको नाम :        वडा नं        आ.व.

| सि. नं | सुत्केरीको नाम | उमेर | श्रीमानको नाम | ठेगाना | सुत्केरी भएको स्वास्थ्य संस्था | सुत्केरी भएको मिति | ईकाइ मुल्य रु. | बुझिलिएको मिति | बुझिलिनेको दस्तखत | मो नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २५००। | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अभिलेख राख्नेको नाम :        स्वास्थ्य संस्थाको छाप        स्वास्थ्य संस्था प्रमुख नाम :

पद :        पद :

अनुसुची ३

माथागढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

झडेवा पाल्पा

संस्थागत सुत्केरी प्रोत्साहन रकम भुक्तानीको प्रतिवेदन विवरण ।

स्वास्थ्य संस्थाको नाम :   वडा नं   आ.ब.

| सि. नं | सुत्केरीको नाम | उमेर | श्रीमानको नाम | ठेगाना | सुत्केरी भएको स्वास्थ्य संस्था | सुत्केरी भएको मिति | ईकाइ मुल्य रु. | बुझिलिएको मिति | बुझिलिनेको दस्तखत | मो नं | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २५००। | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तयार गर्ने   संस्थाको छाप   स्वास्थ्य संस्था प्रमुख